नेपाली एकभाषी शब्दकोश निर्माण परम्परा र परिष्करण

रामकुमार अधिकारी, पिएच. डी.
आदिकवि भानुभक्त क्याम्पस

लेखसार

भाषा, साहित्य, व्याकरणका विविध पाटाहरू लेख रचनाका विषय बन्ने गरेको पाइन्छ । यिनै विधासँग अभिन्न सम्बन्ध राख्ने शब्दकोशका बारेमा लेख, रचनाको सिर्जना मात्र होइन अध्ययन, अनुसन्धानमा समेत ध्यान केन्द्रित भएको कमै देखिन्छ । ओझेलमा परेका विषयलाई प्रकाशमा ल्याउनु आवश्यकता रहेको महसुस गरी यहाँ 'शब्दकोश' लाई विषयका रूपमा उठान गरिएको छ । प्रस्तुत लेख 'नेपाली एकभाषी शब्दकोश : परम्परा र परिष्कार' शीर्षकमा केन्द्रित छ ।लेखमा नेपाली एकभाषी कोश निर्माणको पृष्ठभूमि, परम्परा र कोशीय सूचना संयोजनमा आएका परिष्कारबारे सार सङ्क्षेप सर्वेक्षण प्रस्तुत गरिएको छ । पृष्ठभूमिमा एकभाषी कोशको परिचय, नेपाली एकभाषी कोशका सामान्य र विशिष्ट रूपको परिचय र यिनको पृष्ठभूमि केलाउने प्रयास गरिएको छ । परम्परा अन्तर्गत विभिन्न व्यक्तिहरूको सत्प्रयासबाट नेपाली एकभाषी कोश निर्माणको जग तयार भएपछि वि.सं. १९९८ मा चक्रपाणि चालिसेको नेपाली बगली कोश निर्माण भएकोमा यसैबाट नेपाली एकभाषी कोशको आधुनिक काल प्रारम्भ भएको मानी उक्त समय विन्दुबाट हालसम्म आइपुग्दा यसलाई तिन चरणमा विभाजन गरिएको छ । वि.सं.१९९८ -२०१८ लाई प्रथम, वि.सं.२०१९ - २०३९ लाई द्वितीय र वि.सं.२०४० - हालसम्मलाई तृतीय चरणमा राखी यी समय सीमाभित्रका नेपाली एकभाषी कोश विवरण प्रस्तुत गरिएको छ ।

उल्लिखित समय अवधिमा निर्मित सबै नेपाली एकभाषी कोशहरूमा समेटिएका सबै सूचनाहरू केलाउने कार्य प्रस्तुत सङ्क्षिप्त लेखमा सम्भव नहुने भएकाले केवल सामान्य प्रकृतिका प्रमुख नेपाली एकभाषी कोशहरू र तिनका मुख्य कोशीय सूचनाहरूको मात्र सार सङ्क्षेप सर्वेक्षण प्रस्तुत गरिएको छ । कोश निर्माणका परिष्कार पक्ष पहिल्याने क्रममा कोशका चरणगत विभाजनका आधारमा कोशीय सूचना संयोजनमा देखिएका प्रवृति वा विशेषतालाई आधार बनाइएको छ । लेखमा द्वितीय स्रोतका सामग्रीलाई मुख्य आधार बनाइएको छ । यस क्रममा सम्बन्धित विद्वानहरूद्वारा प्रस्तुत एकभाषी कोश र नेपाली एकभाषी कोश सम्बन्धी धारणा, दृष्टिकोण र विचारहरूलाई उपयोग गरिएको छ । नेपाली एकभाषी कोशहरू र यसमा सम्बन्धित भएर गरिएका अध्ययनका निष्कर्षहरूलाई समेत स्रोत सामग्रीका रूपमा लिइएको छ । द्वितीय स्रोतका सामग्रीको विश्लेषण र लेखक स्वयम्को सम्बन्धित विषयमा रहेको सुझका आधारमा यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

मुख्य शब्दहरु :

शब्दकोश, एकभाषी, विकासक्रम, परिष्कार, परिमार्जन ।

पृष्ठभूमि

शब्दहरूको सङ्ग्रह ग्रन्थ शब्दकोश हो । एउटा भाषाका शब्दहरूका विषयमा मात्र सूचना दिने कोश एकभाषिक हुन्छ । यस्ता कोशमा जुन भाषाका शब्दहरू समाविष्ट गरिएका हुन्छन् त्यसै भाषामा तिनका अर्थ पनि अङ्कित गरिएका हुन्छन् । नेपाली भाषामा विभिन्न ढङ्गले सम्बद्ध भएर निर्माण गरिएका अनेक प्रकृतिका एकभाषी कोशहरू उपलब्ध छन् । बहुविध सूचनाका भण्डारका रूपमा देखिने यस्ता कोशहरू विशेषतः मातृभाषा वा पहिलो भाषाका वक्ताका लागि उपयोगी ठानिन्छ । सम्बद्ध भाषाका अनेक क्षेत्रसँग सम्बन्धित लिखित एवम् मौखिक सामग्रीबाट शब्द सङ्कलन गरी विभिन्न वर्ग, पेसा र क्षेत्रका प्रयोक्तालाई ध्यानमा राखेर निर्माण गरिएका शब्दकोशलाई सामान्य कोश भनिन्छ । शब्द सम्बन्धी सबै किसिमका सूचनाहरू समावेश हुने भएकाले यस्ता कोशहरू बृहत् आकारका हुन्छन् । 'शास्त्रीय कोश(अर्थशास्त्र, मनोविज्ञान, साहिन्यशास्त्र, भौतिकशास्त्र आदिको कोश) र भाषाको खास पक्ष (उखान, टुक्का, हिज्जे आदि) लाई मात्र प्रकाश पार्ने कोश सूचना विशेषको जानकारी दिने प्रयोजनका दृष्टिले विशिष्ट भित्र पर्न सक्दछन् (अधिकारी, २०६७ : १९७) ।' सम्बन्धित भाषाको एउटा पक्षसँग सम्बन्धित सूचनामा केन्द्रित यस्ता कोशहरूको आकारचाँहि सूचनाको मात्रा अनुसार मझौला र लघु प्रकृतिका हुन्छन् । नेपाली एकभाषी कोशको निर्माण परम्परा प्रचलित वैदिक कालसँग सम्बद्ध रहेको पाइन्छ । संस्कृत भाषामा निघण्टु, निरुक्त जस्ता प्रारम्भिक कोश र अमर कोश जस्तो महत्वपूर्ण पर्यायवाची कोशले नेपाली एकभाषी शब्दकोश परम्पराको प्राचीनतालाई दर्साउँछन् ।

नेपाली एकभाषी शब्दकोश निर्माणमा मोतीराम भट्टको अभिरुचि रहेको पूर्व सङ्केत फेला पर्दछ । 'उनले काव्य रचनामा आकर्षण तथा अनुप्रासयुक्त शब्दको आवश्यकता औंल्याउँदै छन्दका विभिन्न वर्गका शब्दको सूची तयार गरेको देखिएको छ (भट्टराई, २०६४ : २७) ।' एकभाषी कोशका लागि अभिरुचि राखी राममणि आ.दी. ले १९६० तिर नै कोश निर्माणको कार्य आरम्भ र निरन्तरता दिएको पाइन्छ । प्रकाशित नभए पनि अधिक शब्द सङ्ख्या भएको भनि प्रचारित उनको 'मणिकोश' निकै चर्चित छ । 'यस परम्परामा जयपृथ्वी बहादुर सिंहको १९६८-६९ तिर प्राकृत भाषा कोश पनि विधान भयो (लम्साल, २०५७ : १८१) ।' यसैगरी शिखरनाथ सुवेदीको थरगोत्र प्रवरावली (१९८५), अर्जुन शमशेरको उखान सङ्ग्रह (१९९४) आदि नेपाली एकभाषी कोशको पृष्ठभूमि निर्माणमा महत्वपूर्ण योगदान दिने कृतिहरू हुन् (ढुङ्गेल र दहाल, २०५९: १५०) ।' यसरी नेपाली एकभाषी शब्दकोश निर्माणका प्रयासहरू धेरै अघिदेखि भएको पाइए तापनि 'यसको व्यवस्थित विकासको पहिलो खुड्किलो नेपाली बगली कोश (वि.सं. १९९८) लाई मान्न सकिन्छ । त्यसपछि यसले क्रमशः गोरेटो पार गर्दै राजमार्गतिर अग्रसर हुँदै गएको देख्न सकिन्छ (अधिकारी, २०६७ : २३७) ।

नेपाली एकभाषी कोश निर्माण परम्परा र परिष्कार : विभिन्न विद्वानहरूको सत्प्रयासबाट यसको पृष्ठभूमि तयार भएपछि त्यसैको जगमा निर्माण भएको 'चक्रपाणि चालिसेको नेपाली बगली कोश (१९९८) बाट

आधुनिक नेपाली एकभाषी कोशको प्रारम्भ हुन्छ (लम्साल, २०५७ : १९३) । यस कालदेखि आजसम्मको नेपाली एकभाषी कोश परम्परालाई निम्नानुसार तिन चरणमा विभाजन गरिएको पाइन्छ ।

- प्रथम चरण (वि. सं.१९९८ -२०१८)
- द्वितीय चरण (वि. सं.२०१९ -२०३९)
- तृतीय चरण (वि. सं.२०४० -हालसम्म)

प्रथम चरणमा निर्मित कोशहरु : नेपाली एकभाषी शब्दकोशको प्रारम्भिक प्रयासबाट आधुनिक नेपाली एकभाषी कोशको पृष्ठभूमि निर्माण भएको पाइन्छ । यस पृष्ठभूमिमा निर्माण भएको नेपाली बगली कोश वि.सं. १९९८ देखि नेपाल रोयल एकेडेमीबाट प्रकाशित नेपाली शब्दकोश अघिसम्मको समयावधिलाई प्रथम चरण मानिन्छ यस चरणमा बनेका कोशहरू निम्नानुसार छन् :

- नेपाली बगली कोश (वि.सं.१९९८)- चक्रपाणि चालिसे
- पयार्यवाची कोश (वि.सं.१९९८) - चक्रपाणि चालिसे
- नेपाली उखान टुक्का कोश (१९९८) - पुष्कर शमशेर
- सङ्क्षिप्त नेपाली कोश (२००७) - रामचन्द्र ढुङ्गाना
- उखानको बखान (२००७) - रामचन्द्र ढुङ्गाना
- नेपाल मुहावरा (२०११) - पारसमणि प्रधान
- नेपाली चल्ती उखान (२०१३) - पारसमणि प्रधान र अमरमणि प्रधान
- लौकिक न्यायमणि माला (२०१६) - कृष्णचन्द्र अर्याल
- ज्ञान रश्मि (२०१६) - सरोज कुमार शाक्य
- जुम्लेली शब्द र उखान सङ्ग्रह (२०१७) - रत्नाकार देवकोटा
- बैतडीका स्थानीय शब्द (२०१८) - अर्जुन देव र भीमदेव भट्ट
- नेपाली बृहत शब्दकोश (अप्राप्य) - चक्रपाणि चालिसे

प्रथम चरणमा निर्मित सामान्य प्रकृतिका कोश र तिनका कोशीय सूचनाहरु : यस चरणका नेपाली एकभाषी शब्दकोशहरूमा 'नेपाली बगली कोश' र 'सङ्क्षिप्त नेपाल शब्दकोश' सामान्य कोश हुन् । अन्य कोशहरू विशिष्ट प्रकृतिका देखिन्छन् । यहाँ सामान्य प्रकृतिका कोशहरूमा रहेका कोशीय सूचनाको स्थिति बारे सङ्क्षिप्त चर्चा गरिन्छ ।

नेपाली बगली कोश (वि.सं.१९९८) : यस कोशको 'परिभाषा' शीर्षकमा शब्द विन्यासक्रम अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ए, ऐ, ओ, औ, अं, अः मा रहेको चर्चा पाइन्छ । यी स्वर वर्णहरू मिलेका आद्य अक्षर भएका

शब्दहरू वर्णानुक्रममा दिइएकाले सोही क्रममा चाहेको शब्द खोज्नु पर्ने निर्देशन पाइन्छ । अनुस्वारको पछाडि क, च, ट, त, प वर्गी अक्षर आउने शब्दहरूमा पछिल्ला वर्णको वर्गको पञ्चमाक्षर दिइएको र त्यस्ता शब्दलाई अवस्था हेरी अनुस्वारयुक्त इन्जन (इंजन), अन्त (अंत) जस्ता दुवै रूप शुद्ध भए पनि यसमा एकै थरि रूप मात्र दिइएको उल्लेख छ । य, र, ल, व, श, ष, स, ह पछाडि आएमा र अन्यत्र स्पष्टै अनुस्वारको उच्चारण हुने शब्दहरूमा अगाडिको अनुस्वार जस्ताको त्यस्तै संयोग, रंरमाउनु, जंल्याहा, जंका, जंजमाउनु आदि राखिएको चर्चा पाइन्छ । क्रियापदलाई कोष्ठबाट सकर्मक भए स.क्रि., अकर्मक भए अ. क्रि. भनिएको तथा नाम शब्दलाई ना., क्रिया विशेषणलाई क्रि.वि., अव्ययलाई अव्य.भनी चिनाइएको उल्लेख छ । दुई रूप हुने शब्दको पनि स्थानाभावले एकै रूप मात्र दिइएको कुरा कोशकार चक्रपाणि शर्माद्वारा बताइएको पाइन्छ ।

सङ्क्षिप्त नेपाली कोश (२००७) : यस कोशको 'सम्पादकीय' मा अक्षर विन्यास गर्दा 'नेपाली सजिलो व्याकरण' का नियम अनुसार र त्यसले नपुगेको ठाउँमा सर्वसम्मतबाट पास गरेका निर्णय बमोजिम गरिएको उल्लेख छ । शब्दका अक्षर विन्यास(हिज्जे) मा यस कोशले दिंदै आएका सहायताका लागि कोशकार रामचन्द्र ढुङ्गाना र २००७ साल माघ १८ मा ने.भा.प्र. समितिका का.मु.अध्यक्ष पुष्कर शमशेरलाई धन्यवाद प्रकट गरी सम्पादकीय टुङ्ग्याइएको पाइन्छ । कोशका अन्य सूचना बारे कोशमा जानकारी समेटिएको पाइँदैन । प्रथम चरणमा निर्मित उल्लिखित दुई कोश बाहेक अन्य कोशहरू विशिष्ट प्रकृतिको भएकाले तिनको सूचना केलाउने कार्य गरिएको छैन ।

प्रथम चरणका नेपाली एकभाषी कोशका प्राप्ति

क) कोशहरू लघु आकारका हुनु,

ख) वर्णानुक्रममा आधारित हुनु,

ग) शीर्ष शब्द, हिज्जे, व्याकरण, अर्थ, प्रतिनिर्देश आदिको सङ्केत हुनु,

घ) शब्दको सङ्क्षिप्त परिभाषा र पर्यायद्वारा अर्थ विधान गरिनु,

ङ) सवर्गीय पञ्चम वर्ण र शिरविन्दु दुवैको प्रयोग हुनु,

च) ह्रस्व दीर्घमा वैकल्पिक व्यवस्था (दुध/दूध, दुइ/दुई) हुनु,

छ) पाँचदेखि सोह्र हजारसम्म शब्दहरू सङ्ग्रहित हुनु,

ज) भाषिका कोश (जुम्ली, बैतडी) निर्माण हुनु,

झ) पर्याय कोश (पर्यायवाची, ज्ञानरश्मि) निर्माण हुनु,

ञ) उखान र टुक्का कोश निर्माण हुनु, आदि ।

द्वितीय चरण (वि. सं.२०१९ - २०३९)

नेपाली एकभाषीी कोश निर्माणमा वि. स. २०३९ सालसम्म कोशको प्रारूप तयार भएको देखिन्छ । जब नेपाली शब्दकोश (२०१९) को प्रकाशन भयो त्यसले कोशीय सूचना संयोजन तथा आकारगत परिष्करण प्रारम्भ भएको पाइन्छ । यसैले नेपाली शब्दकोश (२०१९) देखि नेपाली बृहत् शब्दकोश (२०४०) पूर्वको समयावधिलाई नेपाली एकभाषी शब्दकोशको द्वितीय चरण मानिन्छ । यस चरणमा प्रकाशित कोशहरू निम्नानुसार छन ।

द्वितीय चरणमा निर्मित कोशहरु

नेपाली शब्दकोश (२०१९)- बालचन्द्र शर्मा

सङ्क्षिप्त नेपाली कोश (२०२०)- केशव लाल कर्माचार्य

सैनिक शब्दावली (२०२१) - श्री ५ को सरकार

सरि शब्द (२०२१) - महानन्द सापकोटा

नेपाली उखान टुक्का (२०२३) - हर्षनाथ शर्मा

बृहत नेपाली शब्दकोश (२०२३) - हर्षनाथ शर्मा (भट्टराई)

शिक्षा शब्दार्थ (लिथो (२०२६) - फणिन्द्र मल्ल

अनेक ठेट नेपाली शब्दहरूको सूची (२०२६) - भरतमणि आ.दी

उखान सङ्ग्रह (२०२७) - राममणि आ.दी.

झर्रो शब्द्यौली (२०२९) - बालकृष्ण पोखरेल

नेपाली शब्द परिचय (२०३४) - महानन्द सापकोटा

नेपाली कानुनी शब्द सङ्ग्रह (२०३६) - शङ्कर कुमार श्रेष्ठ

कानुनी शब्दकोश (२०३८) - टोप बहादुर सिंह

सानो नेपाली शब्दकोश (२०३९) - पारसमणि प्रधान

नेपाली सङ्क्षिप्त शब्दकोश (२०३९) - सूर्य विक्रम ज्ञावाली, आदि ।

द्वितीय चरणका कोशहरूमा कोशीय सूचनाको स्थिति

यस चरणका प्रमुख सामान्य प्रकृतिका नेपाली एकभाषी शब्दकोशहरूमा रहेका कोशीय सूचनाको स्थिति बारे सङ्क्षिप्त चर्चा गरिन्छ ।

क) नेपाली शब्दकोश (२०१९) : यस शब्दकोशको 'प्रस्तवनामा' शीर्षकमा कोशमा विशेषतः सामान्य दैनिक व्यवहारका शब्दहहरू र कागज पत्रकामा रहेका शब्दहरू सङ्कलनमा ध्यान दिन नसकिएको चर्चा पाइन्छ । यसमा अङ्ग्रेजी र संस्कृत भाषामा झैं एउटै शब्दका अनेक रूप बन्दकोपी, बन्दकोबी, बन्दगोबी, बन्दगोभी, बन्दा

कोपी, बन्दा कोबी, बन्दा गोबी, शब्दावलीलाई कोशमा यथाशक्य स्थान दिइएको, विकृत भएका शब्दको प्रसङ्गमा तत्सम रूपको समीप पुग्ने रूपमात्र ग्रहण गर्नुलाई युक्ति सङ्गत मानिएको उल्लेख छ । अन्य भाषाबाट आएका शब्दलाई नेपाली भाषामा प्रचलित उच्चारणका अनुसार पैन्ट, सुपरिटेन्डेन्ट, पन्जा, सिन्का आदि हिज्जेमा राखिएको उल्लेख छ । प्रचलित नेपाली भाषामा देशका विभिन्न क्षेत्र, जाति र वर्गका भाषा र बोलीको पर्याप्त प्रभाव परेकोले त्यस्ता भाषा र बोलीबाट आएका सबै शब्दलाई 'नेपाली' बोलीमा राखिएको, तद्भव शब्दमा पनि यही नियम लागु गरिएको, समस्त शब्दका बिचमा उच्चारणमा अडान बुझाउन र छुट्ट्याएर देखाउन संयोजक चिन्ह (-) को प्रयोग गरिएको उल्लेख छ । कतिपय शब्दका उपपत्ति सन्दिग्ध भएकाले त्यस्ता स्थानमा प्रश्न चिन्ह (?) वा खाली ठाउँ राखी सुझावको प्रतीक्षा राखिएको उल्लेख छ । अनेकार्थी शब्दका अर्थ १,२,३ गरी छुट्टा छुट्टै दिइएको, उपपत्तिका भिन्नता भएका ठाउँमा एउटै शब्द एकाधिक पटक राखिएको, यौगिक शब्दमा संयुक्त पदहरूको रुढिगत अथवा व्यङ्ग्यार्थ मात्र दिइएको जानकारी सम्पादक बालचन्द्र शर्माले गराएका छन् ।

ख) बृहत नेपाली शब्दकोश (२०२३) : यस कोशको 'दुई शब्द' को भूमिका लेखनमा शब्दको प्रविष्टि, स्रोत, वर्ण विन्यास, अर्थ आदिमा बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९) अनुसार गरिएको उल्लेख छ । आगन्तुक शब्दको वर्ण विन्यासलाई तद्भव नियम अनुसार गरिएको बताइन्छ । यसमा शब्दको व्युत्पत्ति सम्बन्धी सूचना समेटिएको पाइँदैन । त्यस्तै संस्कृतबाट लिइएका ज्यादै अप्रचलित शब्दहरू पनि प्रविष्टिमा कम गरिएको उल्लेख छ । कोशमा शब्दको उच्चारण, प्रयोग र कोश प्रयोग सम्बन्धी निर्देशन समेटिएको पाइँदैन । यसरी हेर्दा प्रस्तुत कोश पूर्ववर्ती कोशकै निरन्तरताको रूपमा लिन सकिन्छ ।

ग) नेपाली शब्द परिचय (२०३४) : यस कोशको 'एस ग्रन्थका विषयमा' शीर्षकमा टर्नरको, रामचन्द्र ढुङ्गानाको, बालचन्द्र शर्मा, हर्षनाथ भट्टराई गरी चार शब्दकोश पछिको पाँचौं कोश 'नेपाली शब्द परिचय' भएको उल्लेख छ । यो कोश नभएर शब्द परिचय बनेको, यसमा शब्द सङ्कलन मात्र नगरी शब्दको परिचय निर्वचन अथवा व्युत्पत्तिले मात्र दिन सक्ने हुनाले यो प्रयास यस ग्रन्थमा यथासक्य पुरा पार्न गरिएको उल्लेख छ । यस कोशमा संस्कृत शब्द आफ्नो वर्णानुक्रममा राखिएको, त्यसपछि यसै संस्कृतको नेपाली रूप र अर्थ दिइँदै गएको, त्यसरी आएका शब्दमा रूप र अर्थलाई लगार्दै अन्तिम रूपमा पुगिसकेकोले जिज्ञासु पाठक संस्कृतबाट नेपालीमा पुगी टुङ्ग्याउँदा माझमा पर्न गएका भ्रम सजिलै देख्न र लेखकलाई शुद्ध पार्ने सल्लाह दिन सजिलो हुने कुरा उल्लेख छ । शब्दको अर्थ दिंदा शुद्ध नेपाली शब्दको प्रयोग गरिएको भनिएको यसमा अरबी, फार्सी, पुर्तगाली, तुर्केली शब्दको ठूलो सङ्ख्या भएकोले त्यस्ता विदेशी शब्द प्रयोग नगरिएको जानकारी गराइएको पाइन्छ । यो नेपाली निर्वचनमूलक ग्रन्थ पहिलो भएको दावा गर्दै व्युत्पत्तिमूलक ग्रन्थ अभावमा संशोधनमा कुनै आधार हुने विश्वास सम्पादक महानन्द सापकोटा उल्लेख गरेका छन् ।

घ) नेपाली सङ्क्षिप्त शब्दकोश (२०३९) : यस कोशको 'प्रस्तावना' मा नेपाली शब्दकोश (२०१९) केही वर्ष यता अप्राप्य भएकाले स्कुल कलेजका विद्यार्थी र साहित्यका पाठक पाठिकाको आवश्यकता विचार गरी रचना गरिएको उल्लेख छ । कोशमा प्रविष्ट शब्दहरूको छनोट गर्दा विद्यार्थी तथा कोशका साधारण प्रयोक्ताहरूको आवश्यकतामाथि विचार पुऱ्याएको चर्चा पाइन्छ । शब्दको सूचना दिंदा आठ प्रकारका पद विभागलाई कायम राखी अर्थ विशेषमा जोड दिइएको, विस्मयादिबोधकलाई निपात भनी निर्दिष्ट गरिएको बताइन्छ । नेपाली शब्दका विविध अर्थ स्पष्ट पार्न उखान टुक्काको पनि समावेश र वाक्यमा प्रयोग गरिएको उल्लेख छ । यसमा लघुताबोधक, अनुकरणात्मक तथा त्यसका विविध रूपलाई समावेश गरिएको, युग्म शब्द तथा विशेष रूप हुने स्त्रीलिङ्गी शब्दहरू पनि यथास्थानमा समावेश भएको चर्चा पाइन्छ । उचित देखिएका ठाउँमा विपरीतार्थ बुझाउने, परस्परमा हुने काम बुझाउने कर्म व्यतिहार शब्द पनि दिइएको उल्लेख छ । यसमा क्रियाको सकर्मकता वा अकर्मकता निर्देश गरी तदानुसार कर्म तथा भाववाच्यमा हुने तिनका रूप पनि देखाइएको सूचना दिइएको छ । कोशलाई सकेसम्म उपयोगी बनाउन यथासम्भव चेष्टा गरिएको भए तापनि केही अभाव र त्रुटि रहन गएको कुरा सम्पादक सूर्य विक्रम ज्ञवालीले टिप्पणी गरेका छन् ।

द्वितीय चरणका नेपाली एकभाषी कोशका उपलब्धि :

क) शब्दकोशहरुले बृहत्तर आकार (नेपाली शब्दकोश पहिलो ठुलो एकभाषी कोश हो (दहाल, २०३३ : १३५) लिनु,

ख) शब्दको स्रोत दिने प्रचलन प्रारम्भ (नेश शब्दको स्रोत दिने पहिलो कोश (अधिकारी, २०६७ : २३८) हुनु,

ग) शब्दका सूचना समावेश (स्रोत, व्युत्पादन, परिभाषीकरण, व्याख्या, उदाहरण आदि) मा परिष्कार आउनु,

घ) शब्दको वर्णानुक्रममा परिष्कार आउनु,

ङ) शब्दको अर्थ स्पष्ट पार्न विवृति र बीजक समावेश गरिनु,

च) कोशमा बाल बोलीका शब्द (नेपाली शब्दकोशमा नाना, बुइ) ले प्रविष्टि पाउनु,

छ) भाषिकासँग सम्बद्ध शब्द (अर्नी, बेला, बेलौती) ले प्रविष्टि पाउनु,

ज) संस्कृत शब्द अत्यधिक र ठेट वा झर्रा शब्दले कम प्रविष्टि पाउनु,

झ) वर्ण विन्यास प्रयोगमा परिष्कार (नेपाली बगली कोश र संक्षिप्त नेपाली कोशको दाँजोमा`नपाली शब्दकोश वर्ण विन्यासका सम्बन्धमा केही वैज्ञानिक मान्यता अगाडि सारेको छ (भट्टराई, २०६४:३८) आउनु,

ञ) कोश निर्माण प्रक्रियामा विविधता (ठेट नेपाली शब्दहरू सूची, फलफूल र तरकारी शब्द सूची, उखान सङ्ग्रह, कानुनी कोश, शिक्षा शब्दार्थ आदि) आउनु,

तृतीय चरण (वि. सं. २०४० - हालसम्म)

नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोश (२०४०) पछि हालसम्मको अवधिलाई नेपाली एकभाषी शब्दकोशको तृतीय चरण मानिन्छ । यस अवधिमा बनेका विविध प्रकृतिका शब्दकोशहरू निम्नानुसार छन् ।

तृतीय चरणमा निर्मित कोशहरु

- नेपाली बृहत शब्दकोश (२०४०) - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
- प्रशासकीय तथा कानुनी कोश (२०४१) - हर्षनाथ शर्मा
- स्थाननाम कोश (२०४४) - कृष्ण प्रसाद शर्मा
- सरल नेपाली शब्दकोश (२०४५) - अनुभवी उपप्राध्यापकहरू
- केही पारिभाषिक शब्द (२०४७) - शेषमणि आचार्य
- नेपाली व्याकरणपरक कोश (२०५१) - चन्द्रकान्त अधिकारी
- सही शब्द नेपाली पर्याय विपर्याय कोश (१९९४ई.) - बेलार्मिन
- नेपाली प्राविधिक शब्दकोश (२०५४) - चूडामणि बन्धु
- नेपाली प्रकृति प्रत्यय कोश (२०५३) - खगेन्द्र लुइटेल र अन्य
- डोटेली भाषिकाको शब्दकोश (२०५५) - बद्री प्रसाद शर्मा
- नेपाली साहित्य कोश (२०५६) - कृष्ण प्रसाद शर्मा
- नेपाली भाषाको व्युत्पत्तिकोश (२०५७) - प्रा.स्थानेश्वर गौतम
- नेपाली शब्द सागर (२०५७) - वसन्त कुमार शर्म्मा 'नेपाल'
- नेपाली बाल शब्दकोश (२०५७) - उषा दीक्षित र दिवाकर ढुङ्गेल
- पर्याय विपर्याय कोश (२०५७) - डा.बाल मुकुन्द भण्डारी र अन्य
- डोट्याली बृहत शब्दकोश (२०५८) - आर.डी. प्रभास चटौत
- केन्द्रीय नेपाली शब्दकोश (२०६०) - राजेन्द्र कुमार आचार्य
- नेपाली गाउँखाने कथा कोश (२०६१) - शिव प्रसाद पौड्याल र अन्य
- प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) - हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई
- नेपाली शब्द भण्डार (२०६२) - नरेन्द्र चापागाईं
- राष्ट्रिय नेपाली शब्दकोश (२०६३) - हर्षनाथ भट्टराई र माधव लम्साल
- विद्यार्थी शब्दमाला (२०६३) - दयाराम श्रेष्ठ र अन्य चक्रपाणि खनाल
- नेपाली बाल शब्दकोश (२०६६) - बद्री विशाल भट्टराई र अन्य आदि ।

तृतीय चरणका कोशहरूमा कोशीय सूचनाको स्थिति

यस चरणका प्रमुख सामान्य नेपाली एकभाषी शब्दकोशहरूमा रहेका कोशीय सूचनाको स्थिति बारे सङ्क्षिप्त चर्चा गरिन्छ ।

क) नेपाली बृहत शब्दकोश (२०४०) : यस कोशको 'सम्पादकीय' मा कोश निर्माणका क्रममा शब्द चयन गर्दा अति कथ्य, क्षेत्रीय र अप्रचलित खालका शब्द नलिई स्तरीय नेपालीमा एक पदमा भाव व्यक्त हुने र क्षेत्रीय भाषिका तथा सांस्कृतिक जीवनमा प्रचलित शब्दलाई धेरथोर भिœयाइएको बताइएको छ । संस्कृत तत्सम शब्द लिंदा वर्तमान मानक वा स्तरीय र ज्ञान विज्ञानका क्षेत्रबाट लिइएको, अङ्ग्रेजी आदि भाषा नेपाली जनजिभ्रोमा पचिसकेका शब्दलाई प्रविष्टि दिइएको जानकारी प्रस्तुत छ । शब्दको अनुक्रममा सादा एक वर्णमात्र भएकालाई सर्वप्रथम र त्यसपछि क्रमशः चन्द्रविन्दु, शिरविन्दु, विसर्गयुक्त वर्ण दिइएको, क्ष, त्र, ज्ञ जस्ता संयुक्त वर्णलाई पूर्व प्रचलन अनुसार क्ष(क+ष) त्र(त+र) ज्ञ(ज+य) वर्णको अनुक्रममा राखिएको चर्चा पाइन्छ । रखाइ क्रममा बाधा नपरेसम्म मूल शब्दका साथ व्युत्पादित समस्वरूपी शब्द पनि पेटबोलीमा राखिएको उल्लेख छ । बेग्लाबेग्लै व्युत्पत्ति भएका एकभन्दा बढी एउटै मूल शब्द आएमा १, २, ३ ले क्रम जनाइएको, दुवै रूप समस्तीय भएका त्यस्ता शब्दलाई छड्के चिन्ह (//) दिई एक ठाउँमा पारिएको जानकारी पाइन्छ । संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका शब्दको सम्भव भएसम्म दुवै स्रोत दिने प्रयास गरिएको र व्युत्पन्नमा सन्दिग्ध भएका ठाउँमा व्युत्पत्ति नजनाई खाली वा प्रश्न चिन्हमात्र दिइएको उल्लेख छ । अर्थ लेखन गर्दा छोटकरीमा परिभाषित गर्ने प्रयास भएको, अनेकार्थीका १,२,३, आदि गर्दै क्रमशः अर्थ दिइएको, द्वित्व हुने स्तरीय शब्दमा अर्थ दिई उपस्तरीय अर्थ लेख्दा प्रायः हे.(हेर्नू) गरिएको, केही उखान टुक्का प्रविष्टिमा दिइएको र कतिपय अर्थ प्रस्ट्याउन उदाहरण दिइएको उल्लेख छ ।

वर्ण विन्यास प्रयोगका सन्दर्भमा उठेका मत मतान्तरहरूको परिप्रेक्ष्यमा शिष्ट परम्परा र मान्य स्वरूपलाई स्वीकार गरी एकाध हाल देखा परेका नयाँ सहमतिका कुरालाई वैकल्पिक प्रयोगका रूपमा उपयोग गरिएको उल्लेख छ । यस क्रममा संस्कृत तत्सम शब्दलाई संस्कृत कै वर्ण विन्यासको नियम अनुसार यथावत कायम गरी तद्भवतुल्य बनेका केही शब्दलाई शिष्ट परम्परा र आगन्तुक शब्दहरूलाई नेपाली वर्ण विन्यास नियम वा ध्वनि अनुसार लेखिएको चर्चा पाइन्छ । अर्द्ध तत्सम खालका बलाघात वा स्वराघात पर्ने दुई अक्षरे शब्द कीरो, कीलो, पीठो, दुध, मीत आदि तथा केही मध्यवर्णमा कपूत, कपूर, अछूत आदि दीर्घमा प्रविष्टि दिइएको, श्रुतिसम भिन्नार्थक शब्दहरू फुल-फूल, तिन-तीन, पुरा-पूरा आदि ह्रस्व दीर्घ दुवैमा राखिएको उल्लेख छ । समासका पूर्व पदमा झर्रा र तद्भव शब्दका मूल रूप दिने भए दीर्घत्व नबिगार्ने सिद्धान्त अनुसार पानीआन्द्रे, चरीचुच्चे, गाईजात्रा आदि दीर्घ नै गरिएको जानकारी पाइन्छ । संस्कृत तत्सम शब्दका अनुस्वार ध्वनिलाई शिरविन्दु वा पञ्चम वर्णले व्यक्त गर्ने

परिपाटी भए पनि प्रस्तुत कोशमा पञ्चम वर्ण प्रयोग गरिएको उल्लेख पाइन्छ । वर्ण विन्यास प्रयोगका दृष्टिले पूर्ववर्ती कोशका तुलनामा प्रस्तुत कोश अग्रगामी र वैज्ञानिक देखिएको छ ।

ख) सरल नेपाली शब्दकोश (२०४५) : यस कोशको 'प्रस्तावना'मा प्रस्तुत कोशको मुख्य उद्देश्य लेख्य नेपाली भाषालाई बुझ्न, तिनको अर्थ ठम्याउन र भाषाको खुटकिलो उक्लन सघाउ पुऱ्याओस् भन्ने रहेको उल्लेख छ । विद्यालय क्याम्पसमा पढ्ने छात्रछात्राहरूलाई अध्ययनमा सुविधा प्राप्त होस् भन्ने शैक्षिक प्रयोजनका निम्ति पछाडि रूपान्तरित शब्द (अङ्ग्रजीबाट नेपालीमा) पनि दिइएको चर्चा पाइन्छ । प्रचलित र लेखाइमा बढी प्रयुक्त हुन सक्ने शब्द सङ्कलनमा जोड दिइएको भनाइ छ । वर्ण विन्यासका रूप र अर्थ दिंदा सकभर यसै क्रमको अनुसरण गरिएको, क्रियाका शब्दमा साधित रूप नदिई केही अपवाद बाहेक मूल क्रियामात्र समावेश गरिएको उल्लेख छ । उक्त कोशका शब्द सङ्कलनमा पूर्व प्रकाशित कोशहरू, नेपाल सरकारद्वारा रूपान्तरण गरिएका शब्दहरू, अङ्ग्रेजी र हिन्दी शब्दकोश र पत्रपत्रिकाबाट सहयोग लिइएको चर्चा पाइन्छ । यसमा शब्दको उच्चारण, प्रयोग र कोशको प्रयोग सम्बन्धी कुनै निर्देशन वा सुझावहरू समेटिएको पाइँदैन ।

ग) नेपाली शब्द सागर (२०५७) : यस कोशको 'सम्पादकीय' मा नेपाली भाषाका बहुमान्य नियमहरू कै रहेर प्रस्तुत कोश पूर्ण गरिएको उल्लेख छ । आधारित नियममा बिरोध देखिएका अवस्थामा मूल स्रोत कै अपवाद बाहेक सर्वमान्य कुराहरूलाई शिष्ट परम्परा र प्रचलन मानी प्रयोग गरिएको उल्लेख छ । प्रत्यय नलागेका अव्यय र 'ति' पछिल्तिर भएका सर्वनाम शब्द, समस्त क्रियाको सन्धिस्थलमा तत्सम बाहेकका नेपाली शब्दका आदिम, मध्यमा ह्रस्व प्रयोगलाई प्राथमिकता दिइएको कुरा सम्पादक वसन्त कुमार शर्म्माले जानकारी गरेका छन् । कोशको 'मन्तव्य' मा शब्द प्रविष्टि बारे सूचित गर्दै ज्ञानमणि नेपाल भन्छन्- 'यसमा चन्द्रविन्दु लागेका शब्द आरम्भमा राखिएको अ, आ, इ, ई को क्रम स्वीकार गरी अनुस्वार आदिमा लागेका शब्द पुछार अर्थात् मोह्रेका अक्षरमाथि राखिएको क, च, ट, त, प मा पञ्चम वर्ण लागेका जति शब्द यथास्थानमा राखी पुनः तिनलाई शिरविन्दुका क्रममा दोहोऱ्याएर राखिएको उल्लेख छ । त्यस्तै मूल शब्दलाई मुख्य प्रविष्टि मानेर त्यसको समस्त पदको उत्तर पदलाई प्रत्यय र अरु पुच्छ्रे पदलाई गौण मानी पेटबोलीमा राख्ने पूर्व प्रचलन स्वीकार नगरी त्यस्ता सबै प्रकृतिका शब्द बुझ्न सजिलो हुने विश्वास लिइएको उल्लेख छ ।

घ) नेपाली बाल शब्दकोश (२०५७) : यस कोशको 'हाम्रो भनाइ' मा नेपाली भाषामा विभिन्न किसिमका शब्दकोशहरू बनेको पाइए तापनि बाल शब्दकोशको कमीलाई परिपूर्ति गर्न प्रस्तुत कोश निर्माण गरिएको उल्लेख छ । प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) ले शब्दकोशको आवश्यकतालाई अनिवार्य रूपमा औंल्याइए तापनि यसको निर्माण नभएको अवस्थामा खास गरी कक्षा ४ र सोभन्दा माथिल्ला विद्यालय तहका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी तयार पारिएको बताइएको छ । प्रस्तुत शब्दकोशमा शब्दको एउटै मात्र अर्थ समावेश गर्ने सोचाइ रहे तापनि कतिपय शब्दका एकभन्दा बढी अर्थ दिइएको, प्रायशः मूल शब्दहरू परेका,

क्रियाका विविध रूपहरू नदिई अपवाद बाहेक एउटै मूल क्रिया समावेश गरिएको उल्लेख छ । बालबालिकालाई शब्द खोज्न सजिलो होस् भन्ने अभिप्राय राखी वर्णानुक्रमको शास्त्रीय परम्परा अनुसार नराखी क्ष, त्र, ज्ञ लाई 'ह' पछि राखिएको बताइन्छ । अर्थ बुझ्न सजिलो होस भन्ने उद्देश्यले सम्बन्धित पृष्ठमा नै चित्र राखिएको, जातिवाचक नामसँग सम्बन्धित चराचुरुङ्गी, फलफूल, जनावर, बाजा, भाँडा, लुगा, तरकारी, हतियार आदि शब्दहरू र तिनको चित्र कोशका पछिल्लो भागमा राखिएको उल्लेख छ । उक्त भागमा केही प्रचलित उखान टुक्का, सङ्क्षिप्त शब्द, नेपाल अधिराज्यका विकास क्षेत्र, अञ्चल, जिल्ला र सदरमुकाम, प्रचलित नाप, तौल, देश र राजधानी, मुद्राको नाम आदि समावेश गरिएको बताइएको छ । प्रस्तुत कोशमा आगन्तुक शब्दलाई नेपाली उच्चारण विधि अनुसार राख्ने प्रयास गरिएको र कतिपय शब्दको दुवै रूप चलिरहेका हुँदा ती दुवै रूप दिइएको उल्लेख छ । यसको ध्येय चाँहि मूलतः आगन्तुक शब्दलाई नेपाली जनजिब्रो अनुसार लेखिऊन् भन्ने रहेको स्पष्टोक्ति कोशकार द्वयको छ ।

ङ) प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) : यस कोशमा कोश निर्माणका क्रममा अपनाइएका प्रक्रियाका साथै यसका प्रयोक्ताहरूलाई कोशको उपयोगमा सजिलो स्पष्ट होस् भन्ने अभिप्रायले 'शब्दकोश कसरी प्रयोग गर्ने ?' शीर्षकमा केही सुझाव र निर्देशनहरू दिइएको पाइन्छ । शब्द प्रविष्टिका क्रममा शीर्ष पदलाई गाढा अक्षरमा दिइएको, क्ष, त्र, ज्ञ वर्णबाट बनेका सुरु हुने शब्दहरू अलग्गै नराखी अन्य कोशमा झैं कष्सँग 'क्ष' तर्सँग 'त्र' र जय्सँग 'ज्ञ' का शब्दहरू राखिएको चर्चा पाइन्छ । त्यस्तै वर्णक्रम मिलाउँदा मात्रा नलागेका र लागेका वर्णमा क्रमशः चन्द्रविन्दु (ँ), शिरविन्दु (ं) र दवासविन्दु वा विसर्ग (:) को क्रममा नै राखिएको उल्लेख छ । शब्दकोशमा संयुक्त व्यञ्जन भएका शब्दलाई पनि उल्लिखित वर्णानुक्रममा नै राखिएको, शीर्ष शब्दपछि उच्चारण सम्बन्धी सूचना दिइएको, त्यसपछि स्रोत सम्बन्धी सूचना सादा कोष्ठक ( ) भित्र तत्सम, तद्भव र आगन्तुक भनेर सङ्केत गरिएको जानकारी दिइएको छ । शब्दको व्युत्पादनको सूचनालाई कोष्ठकभित्र राखिएको, शीर्ष शब्दले वाक्य वाक्यमा गर्ने कार्य अनुसार तिनको शब्द वर्ग सङ्केत गरी तिनलाई सादा कोष्ठक ( ) भित्र राखिएको सूचना दिइएको छ । शब्द वर्ग बाहेक अन्य व्याकरणिक सूचनालाई सङ्क्षिप्त रूपमा शीर्ष शब्दको वचन, विभक्ति, तिर्यक रूप, स्त्रीलिङ्ग हेयार्थी, लघुतावाची आदि सूचना राखिएको बताइएको छ । उल्लिखित सूचनाहरूपछि मात्र शब्दको अर्थ प्रस्तुत गरिएको छ । एकार्थी अनेकार्थी र भिन्नार्थी शब्दलाई शीर्ष शब्दसँगै १,२,३ आदि गरी सङ्ख्यात्मक सङ्केत दिइएको उल्लेख छ । शीर्ष शब्दलाई अर्थ बुझाउन परिभाषा, व्याख्या, स्पष्टीकरण, पर्यायवाचीका साथै विपरीतार्थीको उपयोग गरिएको बताइएको छ । प्रस्तुत कोशमा शब्दको अर्थ र प्रयोगलाई विशेष महत्व दिइएकोले उक्त प्रयोगलाई कतै वाक्यमा र कतै उदाहरणमा राखिएको उल्लेख छ ।प्रस्तुत कोशमा 'सामान्य निर्देशन' भनी शब्दलाई वर्ण विन्यास अनुसार नभई उच्चारण अनुसार प्रस्तुत गरिइएको बताइन्छ । तत्सम शब्द, संस्कृत वर्ण विन्यास अनुसार दिइएको हुनाले सोही रूपमा खोज्न र तद्भव तथा आगन्तुक शब्दलाई तद्भवको विन्यास नियम अनुसार राखिएकोले सोही रूपमा खोज्न निर्देशन दिइएको पाइन्छ । आफूले चाहेको शब्द फेला पार्न एउटामा नभए अर्कोमा हेर्नु पर्ने आवश्यकता निम्नानुसार औंल्याइएको पाइन्छ :

क) ह्रस्वमा फेला नपरे दीर्घमा हेर्ने, ख) 'स' मा फेला नपरे 'श' 'ष' मा हेर्ने,

ग) 'व' मा फेला नपरे 'ब'मा हेर्ने, घ) पञ्चम वर्णमा फेला नपरे शिरविन्दुमा हेर्ने,

ङ) हलन्तमा फेला नपरे अजन्तमा हेर्ने, च) अल्पप्राणमा फेला नपरे महाप्राणमा हेर्ने,

छ) सघोषमा नभेटिए अघोषमा हेर्ने र यस सम्बन्धी स्पष्टताका लागि कोशको प्राक्कथन पढ्नु पर्ने सुझाव प्रस्तुत भएको पाइन्छ ।

च) नेपाली शब्दभण्डार (२०६२) : यस कोशको 'सम्पादकीय' मा शब्दको प्रविष्टि दिंदा शब्दवर्ग (क्रियाको प्रकार सहित), भाषास्रोत, प्रातिपदिक भनी मूल रूप किटान सहित अर्थ दिइएको उल्लेख छ । केही उखान समेत प्रविष्टीकृत रहेको यस कोशमा शब्दको सङ्क्षिप्त परिभाषा र पर्यायद्वारा अर्थ विधान गरिएको पाइन्छ । केही अति प्रचलित तत्सम शब्द सहप्रयुक्त घटकको अर्थद्वारा सहज अर्थबोध्य गरिएको पाइन्छ । शब्दको स्तरीय रूपतर्फ प्रतिनिर्देश नगरी दोहोरो प्रविष्टि (मनुवा/मानुवा, मङ्सिर/मुङ्ग्सिर, मान्द्रो/मान्त्रो) र स्थान, व्यक्ति जनाउने शब्द र अर्थहीन द्विरुक्तांशको प्रविष्टीकरण (आछा, मुचो आदि) यसको कमजोरी पक्ष देखिन्छ । नेपाली एकभाषी कोश निर्माणको पछिल्लो चरणमा प्रकाशित भएको पाइए तापनि तद्भव र आगन्तुक शब्दको वर्ण विन्यासमा सुधार ल्याएको पाइँदैन । कञ्चट, खुशी, झुण्ड्याउनु, पण्डित्याइँ, फण्ट, शहीद, शिकार आदि शब्दका वर्ण विन्यासले यी कुराको सङ्केत गर्दछ । अर्थ विधानका दृष्टि यस कोशमा अप्रचलित अर्थ (कीलेथलो, दधि आदि), अर्थ लेखनमा भद्दापन (पत्रमुद्रा, फ्र्याङ्क आदि), परिभाषाविना केवल पर्यायार्थ (अवलेखनी, अल्छीपन आदि) कमजोरी गरिएको पाइन्छ । प्रस्तुत कोशमा शब्दका उच्चारण, प्रयोग, उदाहरण तथा कोश प्रयोग सम्वन्धी सूचना वा निर्देशन गरिएको पाइँदैन ।

छ) विद्यार्थी शब्दमाला (२०६३) : यस कोशको 'भन्नै पर्ने केही कुरा' अन्तर्गत प्रस्तुत कोशको परिचय, उद्देश्य, योजना तथा ढाँचा, प्रयोग विधि र उपसंहार राखिएको पाइन्छ । विद्यालयका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका विद्यार्थीहरूलाई लक्षित गरेर तयार पारिएको भनिएको प्रस्तुत कोशको प्रयोगबाट विभिन्न विषयका पाठहरू बोधगम्य बनाउन र अभिव्यक्ति क्षमतामा अभिवृद्धि गर्न सहयोगी हुने बताइएको छ । कक्षा १ देखि १० सम्मका नेपाली विषयका पाठ्य पुस्तकबाट कठिन ठानिएका शब्दहरू सङ्कलन गरी तिनको अर्थ दिइएको उल्लेख छ । प्रस्तुत कोशमा कोशीय ढाँचा अनुसार शब्दको प्रकार्य हेरी व्याकरणात्मक कोटि, पर्यायवाची, अर्थ, परिभाषा, वाक्यमा प्रयोग, विपरीतार्थ, सान्दर्भिक पदावली वा टुक्काको अर्थ, समानर्थी अङ्ग्रेजी शब्द आदि दिइएको बताइएको छ । त्यस्तै नेपाली व्याकरणका मुख्य परिभाषा र प्रकारका प्रकारमा सोदाहरण, पाठसँग सम्बन्धित कवि लेखकको सङ्क्षिप्त परिचय दिने काम गरिएको उल्लेख छ । प्रस्तुत कोशमा नेपाली पदावली लेखन विधि र रचनासँग सम्बन्धित अवधारणाका साथमा हाल प्रचलित थप कही महŒवपूर्ण शब्दहरू प्रविष्टि गराई बढीभन्दा बढी मात्रामा शैक्षणिक प्रयोजनका लागि उपयोगी र स्तरीय बनाइएको जानकारी दिइएको छ । ढाँचा र

विधिमा वैज्ञानिक, सरल, उपयोगी बनाउन सङ्केत चिन्हहरू पर्यायवाची(=) वाक्यमा प्रयोग( ) विपरीतार्थी (> <) टुक्का (¨) र उखान (¤) व्याकरण (०) पदावली (~) आदि दिइएको उल्लेख छ । शब्दकोश प्रयोगका लागि निम्न विधिहरू समेत सुझाएको पाइन्छ :

क) पढ्दा कठिन शब्द देख्ने बित्तिकै अर्थ जान्न वर्णक्रम ध्यानमा राखी शब्दमालामा शब्द खोज्ने,
ख) वाक्यमा प्रयोग गर्न शब्द खोज्दा त्यसको व्याकरणिक कोटि पनि थाहा पाउनै पर्ने,
ग) शब्दको अर्थ थाहा पाएपछि फेरि पाठ पढी स्पष्ट हुनु पर्ने,
घ) अर्थ बुझ्न दिइएका अङ्ग्रेजी शब्दले पनि सजिलो बनाउने भएकाले तत्कालै ती शब्दहरूपति ध्यान पुऱ्याउनु पर्ने,
ङ) व्याकरणका परिभाषासँगै शब्दका परिभाषा यथास्थानमा वर्णानुक्रम अनुसार खोज्नु पर्ने,
च) प्रसिद्ध कवि लेखकहरूको सङ्क्षिप्त परिचय मात्र समेटिएकोले थप जानकारीका लागि अन्य स्रोत हेर्नु पर्ने,
छ) यसमा प्रचलित अ देखि अं र क देखि ह सम्मका शब्दहरूबाट बनेका पाठगत शब्दहरू मात्र प्रविष्टिमा दिइएको हुँदा 'क्ष'लाई क, 'त्र' लाई त र 'ज्ञ' लाई ज मा खोज्नु पर्ने, आदि ।

प्रस्तुत शब्दकोश शैक्षणिक शब्दकोश कै एउटा लघु रूप भएको जानकारी गराउँदै पठन पाठनलाई ध्यानमा राखी यसलाई इषत् फरक बनाउन खोजिएको, शब्दार्थ ज्ञानका निमित्त समानार्थी अङ्ग्रजी शब्दहरू दिनु आवश्यक ठानिएको, बढीभन्दा बढी मौलिकता दिन प्रयास गरिएको उल्लेख छ । शब्दकोश प्रयोगका लागि सम्बन्धित विषय शिक्षकको सकारात्मक भूमिकाको आवश्यकता रहने कुरा सम्पाकहरूले औंल्याएका छन् ।

छ) नेपाली बाल शब्दकोश (२०६६) : यस कोशको 'सम्पादकीय' मा प्रस्तुत शब्दकोश प्राथमिक तहका बालबालिकालाई लक्षित गरी बनाइएकोले सोही तहसम्मका पाठ्य पुस्तकहरूबाट शब्दहरू सङ्कलन गरिएको उल्लेख छ । शब्दहरूको व्यवस्थापनलाई वर्णनुक्रममा सूचीकरण गर्दा लेख्य वर्ण र मात्राको क्रम अँगालिएको बताइएको छ । तिनमा चन्द्रविन्दु, शिरविन्दु विसर्ग लागेका तर मात्राहीन शब्द पहिले दिई तत्पश्चात मात्रायुक्त शब्दहरू सूचीकृत गरिएको उल्लेख छ । ऊ र ए को बिचमा 'ऋ' लाई सोही क्रममा राखिएको, क्ष, त्र, ज्ञ जस्ता संयुक्त वर्णहरू क्रमशः क, त र ज वणका शब्द भएको स्थानमा राखिएको, शब्दहरूको सूचना भनेको मुख्यतया अर्थ नै भएकोले सकेसम्म सरल अर्थ दिने प्रयास भएको, एकभन्दा बढी अर्थ भएमा १,२,३ गरी क्रमशः फरक अर्थ दिइएको, कतिपय अमूर्त अर्थयुक्त शब्दको सूचना उच्चारण पनि भएकोले वैकल्पिक चिन्हभित्र (/ /) उच्चारण दिइएको, शब्द वर्गको सूचना सङ्क्षिप्त रूपमा दिइएको जानकारी प्रस्तुत छ । वर्ण विन्यास सम्बन्धी सूचना दिंदा संस्कृत तत्सम शब्दको वर्ण विन्यास संस्कृत नियम अनुसार नै हुने भएकोले स्थापित प्रचलनलाई यस कोशले अँगालेको र तद्भव तथा आगन्तुक शब्दको वर्ण विन्यास प्रकाशन सम्पादन शैली (२०६३) र यसको परिमार्जन विषयक अन्तरक्रिया कार्यक्रम २०६६ असोज २९ गतेको सुझावलाई समेत समावेश गरी सङ्ख्यावाची शब्द, क्षतिपूर्ति दीर्घीभवनका रूपमा दीर्घ गरिएका शब्दलाई ह्रस्व गरिएको उल्लेख छ ।

तृतीय चरणका नेपाली एकभाषी कोशका विशेषताहरू :

क) कोश बृहत्तम आकारमा निर्माण हुनु, (नेशसा-२०५७ मा १,२५,००० मूल शब्द रहेको भनिएको)

ख) लिखित र मौखिक दुवै स्रोतबाट शब्दहरू सङ्कलन हुनु,

ग) शीर्ष शब्दलाई मात्र मूल प्रविष्टिमा राखी व्युत्पन्न शब्दलाई गौण प्रविष्टिमा राखिनु,

घ) अर्थ विधानमा विविध प्रविधिको उपयोग (व्युत्पादन, पर्याय, विपरीतार्थ, प्रयोग, उदाहरण आदि) हुनु,

ङ) हिज्जेको सुनियोजित व्यवस्थापन (तत्सम शब्द संस्कृत जस्तै र आगन्तुक उच्चारण अनुकूल) हुनु,

च) पूर्ववर्ती कोशमा झैं नेपाली उच्चारणमा नभएका ऋृ, लृ को प्रविष्टिलाई निरन्तरता नदिइनु,

छ) शब्दको अर्थ पुष्टिका लागि उच्चारण प्रक्रिया र प्रयोग समेत (प्रनेश-२०६१) दिइनु,

ज) कोश प्रयोग सम्बन्धी सूचना र निर्देशन (प्रनेश-२०६१, विनेश-२०६३, नेबाश-२०६६आदिमा) समावेश गरिनु,

झ) शैक्षणिक कोश (विनेश-२०६३, नेबाश-२०५७, नेबाश-२०६६ आदि) निर्माण हुनु,

ञ) कोशमा शब्दलाई चित्राङ्कनबाट अर्थ प्रस्तुत (नेबाश-२०५७ मा) गर्ने प्रक्रिया प्रारम्भ हुनु,

ट) कोशको उत्तर भागमा राखिने अतिरिक्त सूचना (नेशसा-२०५७ र नेबाश-२०५७ मा) समावेश हुनु,

ठ) शब्द सङ्ग्रह र तिनको अर्थलाई भन्दा समसामयिकता, प्रयोग, उच्चारणमा एकरूपता, स्तरीकरणमा जोड (प्रनेश-२०६१ले इलेक्ट्रोनिक युगलाई चुनौती दिएको, भट्टराई, २०६१ :४४) दिइनु, आदि ।

निष्कर्ष

शब्दका विविध सूचना सङ्ग्रहित ग्रन्थलाई शब्दकोश भनिन्छ । भाषा सङ्ख्याका आधारमा कोशहरू एकभाषी, द्विभाषी र बहुभाषी हुन्छन् । शब्द र अर्थ एउटै भाषामा प्रस्तुत भएका कोशलाई एकभाषी कोश भनिन्छ (लुइटेल, २०५८:३५) । सम्बद्ध भाषाका अनेक क्षेत्रसँग सम्बन्धित लिखित र मौखिक सामग्रीबाट व्यापक रूपमा सामग्री सङ्कलन गरी विभिन्न वर्ग, पेसा र क्षेत्रका प्रयोक्तालाई ध्यानमा राखेर निर्माण गरिएका कोश सामान्य कोश हुन् । नेपाली भाषामा यस्ता सामान्य प्रकृतिका प्रशस्त एकभाषी कोशहरू निर्माण भएका छन् । यिनको पृष्ठभूमि खोज्दै जाँदा संस्कृत वैदिक परम्परासम्म पुग्नु पर्ने हुन्छ । संस्कृत भाषाका निघण्टु, निरुक्त जस्ता प्रारम्भिक कोश र अमर कोशहरूबाट नेपाली एकभाषी कोशको पृष्ठभूमि प्रारम्भ भएको देखिन्छ ।

मोतीराम भट्टको अनुप्रासमञ्जरी र उखानको बखान (वि.सं.१९४५),राममणि आ.दी. को 'मणिकोश'(वि.सं. १९६०तिर), जयपृथ्वी बहादुर सिंहको 'प्राकृत भाषा कोश' (वि.सं.१९६८तिर), शिखरनाथ सुवेदीको 'थरगोत्र

प्रवरावली'(वि.सं.१९८५) जस्ता कोश निर्माणका प्रयासहरूबाट नेपाली एकभाषी कोश निर्माणको जगको काम गरेको पाइन्छ । आधुनिक नेपाली एकभाषी कोशको प्रारम्भ भने चक्रपाणि चालिसेको नेपाली बगली कोश (वि.सं.१९९८)बाट भएको देखिन्छ । नेबको निर्माण कालदेखि हालसम्मको समयावधिलाई तिन चरणमा विभाजन गरिएको पाइन्छ ।

वि.सं.१९९८देखि २०१८ सम्मको अवधिलाई नेपाली एकभाषी कोश निर्माणको प्रथम चरण मानिन्छ । यस चरणमा निर्माण भएको एक दर्जन जति कोशहरूले विविधता आत्मसात गरेको पाइन्छ । सामान्यका तुलनामा विशिष्ट प्रकृतिका कोशहरूले बढावा पाएको यस चरणमा पर्यायवाची, उखान, टुक्का, मुहावरा, ज्ञानरश्मिका साथै भाषिका कोशहरू पनि निर्माण भएको देखिन्छ । बगली कोश र सङ्क्षिप्त नेपाली शब्दकोश गरी दुई सामान्य कोशहरूमा शब्दको अर्थ, व्याकरणिक सूचना, हिज्जे, परिभाषा, प्रतिनिर्देशको सङ्केत समेटिएको पाइन्छ ।

वि.सं. २०१९ देखि २०३९सम्मलाई द्वितीय चरण मानिएको छ । यस चरणको सुरुवात गराउने रोयल नेपाल एकेडेमीको प्रकाशन र बालचन्द्र शर्माद्वारा सम्पादन गरिएको नेपाली शब्दकोशले आकार, कोशीय सूचनाको मात्रा र परिष्कारमा यस चरण कै प्रतिनिधित्व गरेको पाइन्छ । शब्दको स्रोत, व्युत्पादन, उदाहरण दिइनु, वर्ण विन्यासमा सुधार आउनु, बाल बोली र भाषिकाका शब्दले प्रविष्टि पाउनु यस चरणका कोशहरूको उपलब्धि हो । कोश निर्माणमा विविधता आउनु र अधिक कोशहरूको निर्माण हुनु द्वितीय चरण कै प्राप्ति हुन् ।

वि. सं. २०४० देखि हालसम्मको अवधिलाई नेपाली एकभाषी कोश निर्माणको तृतीय चरण मानिन्छ । यस अवधिमा करिब डेढ दर्जन जति विभिन्न प्रकृतिका एकभाषी कोशहरू निर्माण भएका छन् । तिनमा अधिकांश कोश सामान्य प्रकृतिका छन् जसमा सूचनागत विविधता पाइन्छ । यस अवधिमा शैक्षणिक प्रयोजनका साथै बाल कोशहरू निर्माण भएको देखिन्छ । नेपाली एकभाषी कोशमा पनि शब्दको उच्चारण सम्बन्धी सूचना, प्रयोग सम्बन्धी सूचना र वर्ण विन्यासमा व्यवस्थित स्वरूप प्रस्तुत गरिएको पाइन्छ । 'इलेक्ट्रोनिक युगलाई चुनौती दिने कोश' यसै चरणमा निर्माण भएको विद्वानहरूको स्पष्टोक्ति पाइन्छ । आकारमा बृहत्तम स्वरूप लिएका र उत्तर भागमा अतिरिक्त सूचना संयोजन गरिएका कोश बन्नु तृतीय चरणका उपलब्धि मान्न सकिन्छ । आगामी दिनमा नेपाली एकभाषी कोशहरूले प्रयोक्ताका लागि समसामयिक र उपयोगी हुने कोश निर्माणतर्फ ध्यान केन्द्रित हुने सङ्केत पाइन्छ ।

सन्दर्भ सूची

अधिकारी, रामकुमार (२०७१), नेपाली एकभाषी शब्दकोशको शैक्षणिक उपयोग, विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, काठमाडौँ ।

अधिकारी, हेमाङ्गराज (२०६७), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कात्रे, सुमित्रा मङ्गेस (१९६५ ई.), लेक्सिकोग्राफी, अन्नामाई युनिभर्सिटी, मद्रास, भारत ।

ज्ञवाली, सूर्यविक्रम (२०४०), नेपाली सङ्क्षिप्त शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

चापागाईं, नरेन्द्र (२०६२), नेपाली शब्दभण्डार, विराटनगर : श्याम पुस्तक भण्डार ।

चालिसे, चक्रपाणि (वि.सं.१९९८), नेपाली बगली कोष, ललित पुर : साझा प्रकाशन ।

जुगुस्ता, लाडिस्लाव (१९७१ई.), म्यानुअल अफ लेक्सिकोग्राफी, मोन्टेन द हेग ज्याकी स्मिथ, डिक्सनरी अफ जोग्राफी हेनिमन अर्निल्ड, लन्डन ।

ढकाल, शान्ति प्रसाद(२०६७), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम, काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गाना, रामचन्द्र (वि.सं.२००७), सङ्क्षिप्त नेपाली शब्दकोश, ललित पुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दहाल (२०५९), प्रायोगिक भाषा विज्ञान, काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दीक्षित, उषा र दिवाकर ढुङ्गेल (२०५७), नेपाली बाल शब्दकोश : ललित पुर : साझा प्रकाशन ।

पोखरेल, बाल कृष्ण (२०४०), नेपाली बृहत शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गोविन्द राज (२०६१), 'इलेक्ट्रोनिक युगलाई चुनौती' नेपाल (वर्ष ५, अङ्क ३३) पृ.४४ ।

भट्टराई, बद्री विशाल (२०६४), नेपाली बृहत शब्दकोश (२०४०) को कोश वैज्ञानिक अध्ययन', विद्यावारिधि शोध प्रबन्ध त्रिवि ।

भट्टराई, बद्री विशाल र अन्य (२०६६), नेपाली बाल शब्दकोश, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लम्साल, रामचन्द्र (२०५७), कोश विज्ञान र नेपाली कोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्र (२०५८), कोश विज्ञान, काठमाडौं : प्रस्तुति प्रकाशन ।

शर्म्मा, वसन्त कुमार (२०५७), नेपाली शब्दसागर, काठमाडौं : भाभा पुस्तक भण्डार ।

श्रीवास्तव, रवीन्द्र नाथ (१९८० ई.), टाइपोलोजी अफ डिक्सनरिज : अ सोभिट एप्रोच, लेक्सिकोग्राफी इन इन्डिया : डिक्सनरी मेकिङ इन इन्डियन ल्याङ्ग्वेजः सर्भे एन्ड प्रोस्पेक्टस ।

डिक्सनरी अफ लेक्सिकोग्राफी, राउटलिज, लन्डन ।

ज्याक्सन, होवर्ड ९२००२ ई।०, लेक्सिकोग्राफी स् एन इन्ट्रोडक्सन, राउटलिज, लन्डन ।

ल्याण्डाउ, सिड्नी आइ। ९२००१ ई।०, डिक्सनरीज स् द आर्ट एन्ड क्राफ्ट अफ लेक्सिकोग्राफी, क्याम्ब्रिज युनिभर्सिटी प्रेस, न्युयोर्क ।

जुगुस्ता, लाडिस्लाव ९१९७१ ई।०, म्यानुअल अफ लेक्सिकोग्राफी, द हेग : मोउटन ।

वर्मा, एस। के। ९१९८९ ई।०, ल्याङ्ग्वेज, ग्रामर एन्ड